# विद्यालयको सिकाइ सुधारका लागि प्रधानाध्यापकको समय व्यवस्थापन

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय स्नातकोत्तर तह द्वितीय वर्षको शिक्षा
योजना तथा व्यवस्थापन विषयको  आवश्यकता पूरा गर्ने
प्रयोजनका लागि प्रस्तुत

**शोध पत्र**


प्रस्तुतकर्ता

गणेशप्रसाद दाहाल

क्याम्पस रोल नं : २३१

त्रि.वि. दर्ता नं : ३६-००२४१०

परीक्षा क्रमाङ्क : २१४०००६(२०७०),

सुकुना बहुमुखी क्याम्पस

शिक्षा योजना तथा व्यवस्थापन विभाग,

मोरङ


२०७३

# प्रतिबद्धता

**विद्यालयको सिकाइ सुधारको लागि प्रधानाध्यापकको समय व्यवस्थापन** शीर्षकमा तयार गरिएको प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय शिक्षा शाश्त्र संकाय अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह दोस्रो वर्ष Ed.PM598 लाई अनिवार्य शोध विषयको रुपमा राखिएको हुनाले यो विषय पुरा गर्न मात्र यो शोधपत्र तयार गरिएको हो । यो आवश्यकताभन्दा अन्यत्र दुरुपयोग हुनेछैन भनि प्रतिबद्धता जाहेर गर्दछु । यो शोधपत्र स्थलगत अध्ययनबाट प्राप्त सूचनाहरुलाई मान्यता प्राप्त सम्बन्धित सिद्धान्त तथा साहित्यहरुसँग एकाकार गराई व्याख्या तथा विश्लेषण गरेर निष्कर्ष र सुझाव सम्पन्न भएको  विश्वास दिन चाहन्छु ।

गणेशप्रसाद दाहाल

शोधकर्ता

# कृतज्ञता

प्रस्तुत यस शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षा-शास्त्र सङ्काय अर्न्तगत शिक्षा योजना तथा व्यवस्थापन विषयमा स्नातकोत्तर तहको द्वितीय वर्षको आवश्यकता पुरा गर्ने प्रयोजनका लागि प्रस्तुत गरिएको शोधपत्र हो । यस शोधपत्र **विद्यालयको सिकाइ सुधारको लागि प्रधानाध्यापकको समय व्यवस्थापन** विषयमा तयार गरिएको छ ।यो शोधपत्र तयारी गर्ने क्रममा बहुमूल्य सल्लाह प्रदान गर्नुहुने विद्यालय निरीक्षक,वि.व्य.स.अध्यक्षहरु,शि.अ.संघ अध्यक्षहरु, प्र.अ.हरु, शिक्षकहरु, विद्यार्थीहरु र अभिभावकहरु साथै विभागिय प्रमुख एवम् शोध मूल्याङ्कन समितिका अध्यक्ष केशवराज भट्टराइ, शोध निर्देशक ज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।यसै गरी शोधपत्रका लागि तथ्याङ्क सङ्कलनको क्रममा सामग्री जुटाउन सहयोग गर्नु हुने प्र.अ., शिक्षक, अभिभावक तथा विद्यार्थीहरूप्रति आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा यो शोध कार्यमा हरेक पक्षमा सहयोग गर्ने मेरी जीवन साथी , सम्पूर्ण सहयोगी मित्रहरु र शुभचिन्तक महानुभावहरुमा हार्दिक धन्यवाद छ । मेरो मेहनतबाट तयार भएको यो शोधपत्रसहयोगी हुनेछ भन्ने विश्वास गर्दछु ।

गणेशप्रसाद दाहाल

शोधकर्ता

# शोधसार

**विद्यालयको सिकाइ सुधारको लागि प्रधानाध्यापकको समय व्यवस्थापन** शर्षकमा यो शोध कार्य गरिएको छ । यो शोधपत्र अध्ययन मोरङ जिल्लाका सिजुवा गा.वि.स.,इटहरा गा.वि.स.,राजघाट गा.वि.स. र उर्लाबारी नगरपालीकाका सामुदायिक विद्यालयहरु मध्येबाट ६ वटा सामुदायिक विद्यालयहरूका प्रधानाध्यापकहरूको कार्यको आधार बनाइएको छ । यस अध्ययनको मुख्य उद्देश्य विद्यालय तहको सिकाइको स्तर वृद्धिमा प्रधानाध्यापकको समय व्यवस्थापन सम्बन्धि व्यवस्थापकीय र शैक्षिक भूमिकाको खोजी गर्नु र सिकाइ सुधारका उपायहरु खोजी गर्नु रहेको छ ।
यसमा राखिएका उद्देश्यहरू शोधकार्यका लागि प्रयोग गरिएको छ । यस शोध अध्ययनलाई पूरा गर्न गुणात्मक विधिलाई बढी र परिमाणात्मक विधिलाई कम गरिएको छ । सम्वन्धित पक्षहरूबाट प्राप्त सूचनाहरूलाई सैद्धान्तिक खाकाको आधारमा व्याख्या र विश्लेषण गरिएको छ । यस शोधपत्रमा प्रश्नावली र अवलोकन फारामबाट प्राप्त सूचनाहरुलाई योजना, व्यवस्थापन, प्रशासनिक, कार्यान्वयन र मूल्याङ्कन पक्षमा विभाजन र तालिकीकरण गरी व्याख्या तथा विश्लेषण गरिएको छ । समय व्यवस्थापन सम्बन्धी प्राप्त कुराहरु तालिकीकरण गरी व्याख्या तथा विश्लेषण गरिएको छ ।

प्रधानाध्यापकले योजना निर्माण गर्दा शैक्षिक सुधार भन्दा आर्थिक र भौतिक पक्षमा बढी समय दिने गर्नु भएको , विद्यार्थीहरूको निरन्तर मूल्याङ्कन र सिकाइ सुधार जस्ता महत्वपूर्ण कार्यहरुमा समय पर्याप्त नभएको , भौतिक व्यवस्थापन भए अनुसार कक्षाको सिकाइ सुधारको लागि समय व्यवस्थापन कम भएको पाइयो । प्र.अ. हरू सम्बन्धित तहको पद र योग्यताका भए पनि कक्षा अवलोकन कार्य नगण्य मात्र रहेको देखिन्छ । स्रोतव्यक्ति र विद्यालय निरीक्षकको उपस्थिति रहेको र शैक्षिक सुधारका लागि सुझाव दिएको पाइएको छ । शैक्षिक सामग्री निर्माण र प्रयोग, शिक्षण विधिको प्रयोग, कम्प्यूटरको प्रयोग र निर्माणात्मक मूल्याङ्क्नका लागि पर्याप्त समय व्यवस्थापन नभएको पाइएको छ । प्रधानाध्यापकबाट विद्यालयको शैक्षिक अवस्था उकास्न आवश्यक नीति, निर्देशन, विधि र प्रक्रिया सम्बन्धी समय व्यवस्थापन अत्यन्तै कम रहेको देखिन्छ । समय व्यवस्थापनलाई पहिलो प्राथमिकता ल्याउनु भएका विद्यालयको शैक्षिक स्तर सुधार भएको र सो अनुसार कार्य नभएका विद्यालयको शैक्षिकस्तर कमजोर पाइएको छ ।

विद्यालयमा शैक्षिक वातावरणलाई उपलब्धीमूलक बनाउन प्रधानाध्यापकले पटक पटक कक्षा अवलोकन गर्दै राय सुझाव संकलन गरी सुधारका लागि योजना तय गर्नु पर्दछ ।यस अध्ययनबाट प्राप्त परिणामका आधारमा प्रधानाध्यापकको छनौट गर्दा, सम्बन्धित विषयको अध्ययन गर्नु भएका

अनुभवी व्यक्तिहरूको छनौट गरिनु पर्ने, असक्षम प्रधानाध्यापकहरूलाई पदबाट हटाउनु पर्ने, अभिभावकहरूलाई विद्यालय प्रति सकारात्मक बनाउन सचेतना कार्यक्रम संचालन गरिनु पर्ने, शिक्षक अभिभावक संघ, विद्यालय व्यवस्थापन समितिलाई सक्रिय बनाउन तालिमको व्यवस्था गरिनु पर्ने, कक्षा अवलोकन, शैक्षिक सामग्रीहरूको निर्माण र प्रयोगमा व्यापकता, पुस्तकालयको व्यवस्थापन, शिक्षक तालिम कक्षाको सिकाइमा प्रयोग, शैक्षिक गुणस्तर बृद्धिका लागि प्राविधिक तथा अङ्ग्रेजी माध्यमको शिक्षा सञ्चालन गर्न प्रधानाध्यपकलेृ विद्यालयको सिकाइ सुधारमा समय व्यवस्थापनलाई पहिलो प्राथमिकता दिनुपर्ने जस्ता सुझावहरू पेश गरिएको छ ।

## विषय सूची

पेज नं.

प्रतिबद्धता क

सफारिस-पत्र ख

स्वीकृति-पत्र ग

कृतज्ञताज्ञापन घ

शोधसार ङ

संक्षिप्त शब्दावलीहरूको सूची छ

विषयसूची ज

तालिकासूची ट

**परिच्छेद एक : परिचय १**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ६

१.३ अध्ययनका उद्देश्यहरु ७

१.४ अनुसन्धानात्मक प्रश्नहरू ७

१.५ अध्ययनको महत्व ८

१.६ अध्ययनको परिसीमा ९

१.७ प्रयोग भएका पारिभाषिक तथा प्राविधिक शव्दहरु १०

**परिच्छेद दुई :सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा ११**

२.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन ११

२.२ सम्बन्धित साहित्यका पुनरावलोकन १३

२.३ पुनरावलोकनको उपादेयता १५

२.४ सैद्धान्तिक अवधारणात्मक ढाँचा १६

**परिच्छेद तीन :अध्ययनको विधि र प्रक्रिया १८**

३.१ अध्ययनको ढाँचा र विधि १८

३.२ जनसंख्या ,नमूना र नमूना छनौट रणनीति १८

३.३ अध्ययनको क्षेत्र १८

३.४ तथ्याङ्क संकलनका साधन र तरिका २०

३.५. तथ्याङ्क सङ्कलन प्रक्रिया २१

३.६ तथ्याङ्क व्याख्या र विश्लेषण प्रक्रिया २२

**परिच्छेद चार : नतिजाको व्याख्या एवम् विश्लेषण** **२३**

४.१ विद्यालयको सिकाइ सुधारमा प्र.अ.को समय व्यवस्थापन अवस्था २३

४.१.१ प्रधानाध्यापकको शैक्षणिक योजना र अनुभव वर्ष २६

४.१.२ प्रधानाध्यापकद्वारा शैक्षणिक सुधारका लागि कक्षा अवलोकन, निरीक्षण र नमूना कक्षा प्रदर्शनको कार्यमा प्रअ.को समय व्यवस्थापन २८

४.१.३ कक्षाको सिकाइ क्रियाकलाप बाहेकका कार्यमा प्र.अ.को समय व्यवस्थापन ३०

४.१.४ विद्यालयद्वारा सञ्चालन गरिने अतिरिक्त क्रियाकलापको व्यवस्थापनमा प्रधानाध्यापकको समय व्यवस्थापन ३१

४.१.५ अभिभावक तथा समुदायलाई विद्यालयप्रति सक्रिय सहभागी गराउने कार्यमा प्रधानाध्यापकको समय व्यवस्थापन ३२

४.१.६ विद्यालयको अभिभावक समारोहमा प्रधानाधयापकद्वारा बार्षिक शैक्षिक, भौतिक तथा आर्थिक विकासमा समय व्यवस्थापन ३४

४.२ शिक्षण सिकाइको स्तर वृद्धीमा प्रधानाध्यापकको समय व्यवस्थापनर्ले प्रभाव पार्ने कुराहरु ३५

४.२.१ शिक्षा ऐन नियमसँग सम्वन्धित कुराहरु ३५

४.२.२ शैक्षणिक योजना निर्माणमा समय व्यवस्थापन ३६

४.२.३ जिम्मेवारी कार्यान्वयनमा समय व्यवस्थापन ३७

४.२.४ अनुगमन, मूल्याङ्कन र पृष्ठपोषणलाई समय व्यवस्थापन ३७

४.२.५ प्रधानाध्यापक र शिक्षकहरूसँगको सहसम्बन्ध र निर्णयमा समय व्यस्थापन ३८

४.२.६ विद्यालयको शैक्षिक, आर्थिक र भौतिक पक्षको विकाससँग समय व्यवस्थापन ३८

४.३ प्रधानाध्यापकले गर्न सक्ने सिकाइ क्रियाकलापका सुधारका उपायहरुमा समय व्यवस्थापन ४०

४.३.१ शिक्षक तथा विद्यार्थी आचार संहिताको निर्माण र पालना ४०
४.३.२ अभिभावक भेटघाट र अन्तरक्रिया ४१
४.३.३ निरीक्षण र अनुगमन ४१
४.३.४ विद्यालय र समुदायबीचको सहसम्बन्धमा वृद्धि ४१
४.३.५ वार्षिक अभिभावक दिवसमा विद्यालयको सम्पूर्ण पक्षको प्रष्ट पार्नु पर्दछ ४२
४.३.६ विद्यालयलाई राजनीतिबाट मुक्त र शाान्तिक्षेत्र बनाउन समय व्यवस्थापन ४३
४.४ प्राप्ति तथा सारांश ४४
४.४.१ प्राप्ती ४४
४.४.२ सारांश ४६
**परिच्छेद पाँच : निष्कर्ष र सुझावहरू** **४७**
५.१ निष्कर्ष ४७
५.२ सुझावहरु ४९
५.२.१ नीतिगत तहका सुझावहरू ४९
५.२.२ अभ्यास तहका सुझावहरू ५०
५.३.३ अनुसन्धान तहका सुझावहरू ५१

**सन्दर्भ ग्रन्थसूची** **५२**
**परिशिष्टहरू** **(i- xiv)**

# तालिका सूची


| तालिका नं. | शिर्षक | पेज नं. |
|---|---|---|
| १ | नमूनाको आकार | १९ |
| २ | अध्ययनका साधन र विधि | २० |
| ३ | प्र.अ.को शैक्षिक योग्यता र अनुभव | २७ |
| ४ | साप्ताहिक कक्षा अवलोकन,निरीक्षण र नमूना कक्षा प्रदर्शन | २८ |

# सङ्क्षिप्त शब्दावली

| | | |
|---|---|---|
| उ.रा.शि.आ. | – | उच्च राष्ट्रिय शिक्षा आयोग |
| जि.शि.अ. | – | जिल्ला शिक्षा अधिकारी |
| जि.शि.का. | – | जिल्ला शिक्षा कार्यालय |
| ने.रा.शि.यो. | – | नेपाल राष्ट्रिय शिक्षा योजना |
| ने.रा.शि.प.यो. | – | नेपाल राष्ट्रिय शिक्षा पद्धतिको योजना |
| आ.वि. | – | आधारभूत विद्यालय |
| प्र.अ. | – | प्रधानाध्यापक |
| प्रा.वि. | – | प्राथमिक विद्यालय |
| मा.वि. | – | माध्यमिक विद्यालय |
| रा.शि.आ. | – | राष्ट्रिय शिक्षा आयोग |
| रा.शि.यो.आ. | – | राष्ट्रिय शिक्षा योजना आयोग |
| वि.व्य.स. | – | विद्यालय व्यवस्थापन समिति |
| वि.नि. | – | विद्यालय निरिक्षक |
| वि.सु.यो. | – | विद्यालय सुधार योजना |
| शि.अ.सं | – | शिक्षक अभिभावक संघ |